# जानकी गाउँपालिकाको विनियोजन ऐन, २०७८

सभाबाट स्वीकृत मिति: २०७८।०७।०४

**प्रस्तावना:**

जानकी गाउँपालिकाको आर्थिक बर्ष २०७८।०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम जानकी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ:**

**(१)** यस ऐनको नाम " जानकी गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७८।०७९ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**:

(१) आर्थिक वर्ष २०७८।०७९ को निमित्त जानकी गाउँपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ७२,१०,००,७११।- (अक्षेरुपी बहत्तर करोड दश लाख सात सय एघार रुपैयामात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:**

**(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८।०७९ को निमित्त जानकी गाउँपालिका कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| पालिका स्तरीय योजना | १६७७२० | ८४७७६.४९३ | ० | २५२४९६.४९३ | |
| वडा स्तरीय बजेट | ३००० | ६६६०० | ० | ६९६०० | |
| वन वातावरण तथा विपत व्यवस्थापन तर्फ | ६०० | ० | ० | ६०० | |
| स्वास्थ्य | ५००० | ० | ० | ५००० | |
| शिक्षा युवा तथा खेलकुद | १०००० | ० | ० | १०००० | |
| महिला तथा बालबालिका | १४७५ | ० | ० | १४७५ | |
| कृषि तर्फ | २५०० | ० | ० | ५००० | |
| पशु सेवा तर्फ | २५०० | ० | ० | ५००० | |
| लक्षित कार्यक्रम | ३८०० | ० | ० | २५०० | |
| न्यायिक समिति तर्फ | २००० | ० | ० | २००० | |
| कर्मचारी कल्याण कोष तर्फ | २००० | ० | ० | २००० | |
| संघीय सरकारबाट हस्तान्तरिक अनुदान | १६६००० | १४९०० | ० | १८०९०० | |
| प्रदेश सरकारबाट हस्तान्तरित अनुदान | ५४४ | २९००० | ० | २९५४४ | |
| जिल्ला समन्वय समिति मौज्दात रकम | ० | ८५८५.२१८ | ० | ८५८५.२१८ | |
| सामाजिक सुरक्षा | १५०००० | ० | ० | १५००००.०० | |
| **जम्मा** | ५१७१३९ | २०३८६१.७११ | ० | ७२१०००.७११ | |

(रकम रु हजारमा)